# स्थानीय राजपत्र

## बेथानचोक गाउँपालिकाद्वारा प्रकाशित

बेथानचोक , काभ्रे २०७८ फाल्गुन ०१ गते , २०७८

# भाग २

# बेथानचोक गाउँपालिका काभ्रेपलाञ्चोकको ,

## सूचना

बेथानचोक गाउँपालिकाको गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यबिधि सर्वसाधरणको जानकारीको लागी प्रकाशन गरिएको छ ।

## लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७८

# लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण कार्यविधि २०७८
## बेथानचोक गाउँपालिका, ढुंर्खक काभ्रेपलाञ्चोक

**कार्यपालिकाको बैठकबाट पारित मिति :२०७८-११-०१**

### १. पृष्ठभूमि

नेपालको संविधानको प्रस्तावनामा लैंगिक विभेद अन्त्य गरी समानुपातिक समावेशी र सहभागितामूलक सिद्धान्तका आधारमा समतामूलक समाजको निर्माण गर्ने व्यवस्था उल्लेख भएको छ । संविधानको धारा ३८ ले महिलालाई समान वंशीय अधिकार, सुरक्षित मातृत्व र प्रजनन स्वास्थ्य सम्वन्धी अधिकार, राज्यका सवै तहमा सहभागीहुने अधिकार, सम्पत्ति तथा पारिवारीक मामिला सम्बन्धी अधिकार, शिक्षा, स्वास्थ्य, रोजगार र सामाजिक सुरक्षामा सकारात्मक विभेदको व्यवस्था गरेको छ । संविधानले महिला विरुद्ध हुने सबै प्रकारका हिंसा जन्य कार्यहरुलाई कानून बमोजिम दण्डनीय हुने व्यवस्था गरेको छ ।

संविधानको धारा १८ को समानताको हकमा सबै नागरिकहरु तथा सामाजिक र सांस्कृकित रुपले पछाडि परेका समुदाय समेतको संरक्षण, सशक्तिकरण वा विकासको लागि राज्यले कानुन बनाई विशेष व्यवस्था गर्न सक्ने उल्लेख छ । सामाजिक न्यायको हकले राज्यका हरेक तहमा समावेशी र समानुपातिक प्रतिनिधित्वको सिद्धान्तका आधारमा जनताको सहभागिताको अधिकार स्थापना गरेको छ ।

यसरी नै ***स्थानीय सरकार सञ्चालन ऐन, २०७४*** ले लैङ्गिक समानतातथा सामाजिक समावेशीकरण ( **लैससास** ) सम्बन्धी देहायका प्रावधानहरुको व्यवस्था गरेको छ :

(क) गाउँपालिका तथा नगरपालिकाको काम, कर्तव्य र अधिकारमा लैससास सम्वन्धि व्यवस्था ।

(ख) वडा समितिको काम, कर्तव्य र अधिकार अन्तर्गत तथ्यांकअद्यावधिकतथा संरक्षण अन्तर्गत खण्डीकृत तथ्यांक संकलन, विकास कार्य अन्तर्गत बालविवाह, बह‍ुविवाह, लैङ्गिक हिंसा अन्त्य गर्ने, आदिव्यवस्था ।

(ग) स्थानीयतहको योजना तर्जुमा तथा कार्यान्वयन गर्दा महिला तथा पिछडिएको वर्गको सहभागितामा जोड, योजना छनौटमा महिला, बालबालिका तथा पिछडिएका वर्ग, क्षेत्र र समुदायलाई प्रत्यक्ष लाभ पुग्ने कार्यकममा जोड दिदै लैससास प्रवर्द्धन गर्ने व्यवस्था ।

यस सन्दर्भमा संबिधानद्वारा प्रदत्त नागरिक हकहरुको कार्यान्वयन तथा समानुपातिक समावेशीका आधारमा राज्य संरचनाका सबै अङ्गहरूमा महिला, दलित, आदिवासी जनजाति, मधेशी, मजदूर, किसान, अपाङ्गता भएका व्यक्ति, पिछडिएका वर्ग र क्षेत्रको राज्यबाट प्रदत्त अवसरहरुमा पहुँच सुनिश्चित गर्न र राज्यका हरेक तहहरुमा उनीहरुको सकिय सहभागिताका लागि मुलप्रवाहीकरण गर्न आवश्यक भएको छ ।

सामाजिक विविधता बीचको असमानतालाई सम्बोधन गर्न सामाजिक बञ्चितिकरणका कारण सामाजिक समूहको विकास सूचकहरूमा भएको कमजोर अवस्था पहिचान गर्दै सामाजिक, आर्थिक तथा प्रशासनिक क्षेत्रमा रहेको पहुँचको अन्तरलाई न्युन गरी बन्चितिकरणमा परेका सबैको राष्ट्र निर्माणमा अपनत्व र योगदान प्राप्त गर्न तथा सबै समुदायहरु बीच सामाजिक सुसम्बन्ध र सद्भाव कायम राख्न आवश्यक छ ।

लैससासका मुद्दाहरूलाई नेपाल सरकारले नीतिगत तथा कानूनी सुधार गर्दै लगि रहेको सन्दर्भमा स्थानीय सरकारद्धारा संचालन हुने योजना तथा कार्यक्रमलाई लैंङ्गिक समानता र सामाजिक समाबेशीकरण मैत्री बनाउन, संवैधानिक एवम् कानूनी प्रावधान पुरा गर्न, राज्यले अन्तर्राष्ट्रिय स्तरमा गरेका प्रतिबद्धता अनुरुपकार्य गर्न एवम् स्थानीय सरकार सञ्चालन ऐन, २०७४ मा भएको व्यवस्था अनुसार स्थानीय तहमा लैंगिक तथा सामाजिक समाबेशी विकासलाई प्रवर्द्धन गर्न बेथानचोक गाउँपालिकाको लैङ्गिक समानता र सामाजिक समावेशीकरण परिक्षण कार्यविधि तयार गरीएको हो ।

**२. नाम :** यस कार्यविधिको नाम बेथानचोक गाउँपालिकाको “***लैङ्गिक समानता तथा सामाजिक समावेशीकाण परीक्षण कार्यविधि २०७८***” रहनेछ ।

**३. परिभाषा :** बिषयवा प्रसङ्गले अर्को अर्थ नलागेमा यस रणनीतिमा :

क) **“स्थानीय तह”** भन्नाले बेथानचोक गाँउपालिका, सम्झनु पर्छ ।

ख) **“कार्यक्रम”** भन्नाले निश्चित उद्देश्य प्राप्तिका लागि तयार गरिएको आयोजनाहरुको संयोजित रुप सम्झनु पर्छ ।

ग) **“योजना”** भन्नाले गाउँपालिकाको समग्र विकास सम्वन्धी कार्यको लागि तयार गरिएको आवधिक विकास योजना, वार्षिक विकास योजना, एकिकृत शहरी विकास योजना, जिल्ला सडक गुरुयोजना र विषयगत गुरुयोजना, रणनीति योजना, आदि सम्झनु पर्छ ।

घ) **“सामाजिक समावेशीकरण”** भन्नाले अवसर तथा स्रोत साधन उपभोग गर्नबाट वञ्चित भई जोखिममा परेका र स्तरयुक्त आर्थिक, सामाजिक तथा साँस्कृतिक जीवनयापन गर्नबाट बञ्चितभई गरिवी तथा सामाजिक रुपमा वञ्चितिकरणमा परेका समूहहरुलाई विकास निर्माण र कार्यसम्पादनका प्रकृयामा सहभागी गराई उपलब्ध अवसर, श्रोत, साधन तथा आधारभूत अधिकार उपभोग गर्ने कुराको सुनिश्चिततालाई सम्झनु पर्छ ।

ङ) “**सामाजिक समावेशी सम्पर्क ब्यक्ति”** भन्नाले कुनै कार्यालय वा सरकार का विभिन्न तहहरुमा समावेशी विषय हेर्ने गरी सम्पर्क व्यक्तिको रुपमा तोकिएको कर्मचारीलाई सम्झनु पर्छ ।

च) **“सामाजिक समावेशी बजेट”** भन्नाले विभिन्न जातजाती, क्षेत्र, वर्ग र समुदाय, अपांगता भएका ब्यक्ति, बालबालीका तथा जेष्ठ नागरिकहरुको आवश्यकतालाई सहभा गिमुलक ढंगले सम्बोधन गदै समग्र विकास प्रक्रियालाई निजहरु प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने बजेट तथा कार्यक्रमलाई जनाउँछ । सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर सामाजिक समावेशीकरण सम्वन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामुलक वितरण र उपभोग हुने गरी तर्जुमा गरिएको बजेट समेत सम्झनु पर्छ ।

छ) **“उपभोत्ता समिति”** भन्नाले बेथानचोक गाउँपालिकाको आयोजनाबाट प्रत्यक्ष लाभ पाउने व्यक्तिहरुको समूहले कुनै आयोजना निर्माण, सञ्चालन, व्यवस्थापन र मर्मत सम्भार गर्नको लागि आफूहरु मध्येबाट निश्चित प्रक्रिया बमोजिम गठन गरेको समिति सम्झनु पर्छ ।

ज) **"गैरसरकारी संस्था"** भन्नाले प्रचलीत कानून वमोजिम स्थापना भएका बेथानचोक गाउँपालिकाको सभाबाट आफ्नो कार्यक्रम स्वीकृत गराई पालिकासँग समन्वय राखी कार्य सञ्चालन गर्ने गैरनाफामूलक संस्था सम्झनु पर्छ ।

झ) **"स्थानीयकरण"** भन्नाले कुनै पनि विषय वा कार्यक्रमलाई बेथानचोक गाउँपालिकाको परिस्थिती वा अवस्था अनुसार ढाली त्यसको प्रभाबकारी एबं अधिकत्म उपयोग गर्ने प्रक्रिया हो ।

ञ) **"बञ्चित समुह"** भन्नाले यस पालिकामा परम्परागत रुपमा लामो समय देखि जातिय, आर्थिक, लैङ्गिक, अपाङ्गता, यौनिक तथा लैङ्गिक अल्पसंख्यक एवम् भौगोलिक कारणले गर्दा पछि परेका महिला, दलित, आदिवाशी, जनजाती, मधेसी, मुस्लिम, अपाङ्ग, जेष्ठ नागरीक एवम् दुर्गक क्षेत्रमा बसोवास गर्ने जनता सम्झनु पर्दछ ।

ट) **"अल्पसंख्यक"** भन्नाले संघीय कानून बमोजिम निर्धारित प्रतिशत भन्दा कम जनसंख्या रहेका जातीय, भाषिक र धार्मिक समूह सम्झनु पर्छ र सो शब्दले आफ्नै जातीय, धार्मिक र भाषिक विशिष्टता भएको, त्यसलाई बचाई राख्ने आकांक्षा रहेका, विभेद र उत्पीडन भोगेका समूह समेतलाई जनाउँछ ।

ठ) **"सीमान्तीकृत"** भन्नाले बेथानचोक गाउँपालिकामा राजनीतिक, आर्थिक र सामाजिक रूपले पछाडि पारिएका, विभेद र उत्पीडन तथा भौगोलिक विकटताको कारणले सेवा सुविधाको उपभोग गर्न नसकेका वा त्यसबाट वञ्चित रहेका संघीय कानून बमोजिमको मानव विकासको स्तर भन्दा न्यून स्थितिमा रहेका समुदाय सम्झनु पर्छ र सो शब्दले अति सीमान्तीकृत र लोपोन्मुख समुदाय समेतलाई जनाउँछ ।

ड) " लैङ्गिक समता" भन्नाले अवसर र न्यायबाट बन्चित महिला वा पुरुषलाई थप अवसर दिएर समतामूलक स्थितिको निर्माण गर्न गरिने बिशेष प्रयासलाई सम्झनु पर्छ ।

ढ) " लैङ्गिक समानता" भन्नाले महिला र पुरुषबीच सबै क्षेत्र र तहमा समान अवसर र समान लाभ हासिल गर्ने अवस्थालाई सम्झनु पर्छ ।

ण) " लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण" भन्नाले बेथानचोक गाउँपालिका मा महिला तथा पुरुष र विभिन्न सामाजिक समूहहरु बीचको असमान शक्ति सम्वन्धहरुलाई पुन : सन्तुलित गर्न तथा हरेक प्रकारका सामाजिक पहिचान भएका व्यक्तिहरुका लागि समान अधिकार, अवसर एवं सम्मान सुनिश्चित गर्नका लागि आवश्यक कदम चाल्नु पर्ने विषयलाई सम्झनु पर्छ ।

त) **"लक्षित समूह"** भन्नाले यस पालिकामा आर्थिक रूपमा विपन्न वर्गका महिला एवम् बालबालिका तथा आर्थिक र सामाजिक रूपमा पिछडिएका वर्गहरू ( सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडा वर्ग एवम् नेपाल सरकारले लक्षित समूहभनीतोकेका वर्ग एवम् समुदाय सम्झनु पर्छ ।

थ) " लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट" भन्नाले स्थानीय सरकारको योजना तर्जुमा गर्दा समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला, पुरुष, तेश्रो लिंगी, अपांगता भएका व्यक्ति, बालबालिका तथा जेष्ठ नागरिकहरूको आवश्यकतालाई सहभागितामूलक ढंगले सम्बोधन गर्दै समग्र विकास प्रक्रियालाई निजहरू प्रति उत्तरदायी बनाउने उद्देश्यले तर्जुमा गरिने कार्यक्रम र बजेटलाई जनाउँछ । लैङ्गिक समानता तथा सामाजिक समावेशी लक्ष्यलाई केन्द्रमा राखेर उद्देश्य मूलक, योजनावद्ध, लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण सम्बन्धी विश्लेषण गरी आर्थिक स्रोतको सुनिश्चितता र उपलब्धिको समतामूलक वितरण र उपभोग हुने गरी गरिने बजेट तर्जुमा प्रक्रियालाई सम्झनु पर्छ ।

द) " लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी परीक्षण" भन्नाले समाजमा रहेका विभिन्न जातजाति, क्षेत्र, वर्ग र समुदायका महिला र पुरुषबीचको भूमिका, सम्बन्ध, स्थान, स्तर, अवसर आदिको विश्लेषणबाट लैंगिक समानता तथा समावेशी विकास गर्न तय गरिएको बजेट र कार्यक्रम मार्फत तोकिएको उद्देश्य हासिल भए नभएको लेखाजोखा र परीक्षण गरी सुधारका उपाय पहिल्याउने औजारलाई सम्झनु पर्छ ।

ध) **"** लैङ्गिक **मूलप्रवाहीकरण"** भन्नाले कुनै पनि योजनाबद्ध कार्य, नीतिनियम, कार्यक्रम कार्यान्वयनको हरेक क्षेत्र तथा तह र तप्कामा महिला तथा वञ्चितिमा परेका वर्गहरुलाई समाहित गर्ने प्रक्रियालाई सम्झनु पर्छ ।

न) " लैङ्गिक **उत्तरदायी बजेट**" भन्नाले" लैङ्गिक समानताको लागि बजेटको सुनिश्चितता, बजेटका सबै प्रक्रियामा लैङ्गिक मूलप्रवाहीकरण र उपलब्धिको समतामूलक वितरणका साथै उपभोगको लागि लैङ्गिक विश्लेषण सहित योजनाबद्ध रूपमा उद्देश्यमूलक कार्यक्रमहरू तर्जुमा र प्राथमिकीकरण गर्दै कार्यक्रम छनौट गरी लगानी गर्ने पद्धतिलाई जनाउंदछ ।

प) "**सामाजिक वञ्चितीकरणमा परेका समूहहरू"** भन्नाले महिला, बालबालिका, दलित, आदिवासी जनजाति, मधेशी, मुस्लिम, ज्येष्ठ नागरिक, अपाङ्गता भएका व्यक्तिहरू तथा भौगोलिक रूपले दुर्गम क्षेत्रमा बसेका जनतालाई बुझाउँदछ ।

फ) **"** लैङ्गिक प्रभाव विष्लेषण" भन्नाले नीति तथा अभ्यासहरुको परिक्षण गरेर कुनै पनि योजना कार्यक्रम तथा आयोजनावाट महिला एवम् पुरुष कत्तिको लाभान्बीत भएका छन् भन्ने अवस्थाको विश्लेषण गर्ने कार्यलाई सम्झनु पर्दछ ।

ब) **"सशक्तिकरण"** भन्नाले बेथानचोक गाउँपलिकामा विकासका अवसरहरुवाट बञ्चित, श्रोत र साधनमा पहूँच तथा नियन्त्रणमा पछाडी परेका, अशक्त वा कमजोर वर्गलाई सवल बनाउने कार्यलाई सम्झनु पर्दछ ।

## ४. उद्देश्य

४.१.यस कार्यीधि को मुख्य उद्देश्य बेथानचोक गाउँपालिकामा ***लैससास*** अवधारणा अनुसार यसको प्रयोगलाई सरलीकृत रुपमा लागु गर्ने । सम्पूर्ण विकास योजना तथा कार्यक्रमलाई लैससास उत्तरदायी र दिगो बनाउन आर्थिक श्रोतको सुनिश्चता, उपलब्धीको समतामूलक वितरण र उपयोगी बनाउने रहेको छ । यसका बिस्तारित उद्देश्यहरु यस प्रकार छन :

५.१.१.लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण मार्फत बेथानचोक गाउँपालिकाको संस्थागत संरचना र कार्यक्रमहरुमा महिला र सीमान्तकृत समुहहरुलाई समाबेशी गरि, लैगिक समानता र सबै जात, जातीको अर्थपूर्ण सहभागिता गराई लैगिक अन्तरहरुको प्रभावलाई सम्बोधन गर्दै लैगिकमूलप्रबाहिकरण र सशक्तिकरण गर्दै लैजाने ।

४.१.२. बेथानचोक गाउँपालिकाको महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरि उनीहरुको योजनाबद्ध रुपमा व्यक्तिगत र सामूहिक क्षमता अभिबृद्धि गरी पालिकाको विकास प्रक्रियामा निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

४.१.३. बेथानचोक गाउँपालिकाको सवै कार्यक्रम, योजना र आयोजनाको प्रत्येक चरणमा ***लैससास*** दृष्टिकोणबाट अनुगमन तथा मूल्याङ्कन गर्ने र यसलाई संस्थागत गर्दै लैजाने ।

## ५. नीति

५.१.बेथानचोक गाउँपालिका ले संचालन गर्ने सम्पुर्ण योजना तथा कार्यक्रमलाई लैससास दृष्टिकोणवाट संस्थागत गरी त्यसको तर्जुमा, कार्यान्वयन, अनुगमन तथा लाभको हिस्सेदारीमा महिला र बन्चितिकरणमा परेका व्यक्ति तथा समुहको अर्थपूर्ण सहभागिता सुनिश्चित गरी मूलप्रबाहिकरण र शसक्तिकरण गर्दै लगिने नीति अवलम्बन गरिनेछ ।

५.२.लैंगिक उत्तरदायी र समावेशी बजेट परीक्षणलाई बेथानचोक गाउँपालिकामा लागु गरी लक्षित समुदायको वित्तिय श्रोतमा पहुँच अभिबृद्धि गरिनेछ ।

५.३.बेथानचोक गाउँपालिकाका सेवा प्रदायक सरोकारवाला संस्थाहरु, महिला र सीमान्तकृत समुहहरुलाई समावेश गरी योजनाबद्ध रुपमा महिला तथा बन्चितिकरणमा परेका व्यक्ति एवम समुदायको पहिचान गरी उनीहरुको व्यक्तिगत तथा सामूहिक क्षमता अभिबृद्धि गर्ने । साथै पालिकाको विकास प्रक्रियामा त्यस्ता व्यक्ति तथा समुदायको निर्णायक तथा अर्थपूर्ण सहभागिता सुनिश्चित गरी आर्थिक तथा सामाजिक सशक्तिकरण गर्ने ।

**६. रणनीति**

क) बेथानचोक गाउँपालिकाका महिला, गरीब तथा बहिस्करणमा परेका समुदायको पहिचान र उनीहरुले भोगेका समस्या र सवालहरुको विश्लेषण तथा लेखाजोखा गरी नीतिगत ब्यस्थाहरु, संस्थागत प्रणाली तथा संरचनाहरू, कार्य वातावारण र संस्कृति, योजना, बजेट, पहुँच युक्त अवसर, सेवामुलक कार्य, अनुगमन, मूल्यांकन र अनुसन्धान लगायतका कार्य गर्ने । महिला तथा बहिस्करणमा परेका समुदायमा विभेदरहित व्यवहारको प्रर्वर्धन, राज्यबाट प्रदान गरिने सेवा सुविधामा पहुँच तथा समान अवसरमा सुनिश्चितता गर्दै उनीहरुका सवाल र समस्याको सम्बोधन गरी समग्र स्थानीय बिकाशको प्रक्रियामा मुलप्रबाहिकरण गरिनेछ ।

ख) लैंगिक समानता सामाजिक समावेशीकरण परीक्षण मार्फत बेथानचोक गाउँपालिकाको संरचना र कार्यक्रमहरुमा महिला, सीमान्तकृत तथा बन्चितिकरणमा परेका समुहहरुलाई सम्बोधन गरी लैगिक समानता र सबै जात जातीको अर्थपूर्ण सहभागिता गराई लैगिक मूलप्रबाहिकरण गर्दै लगिनेछ ।

ग) विकासका अवसरबाट बन्चित, श्रोत र साधनको पहुँच तथा नियन्त्रणमा पछाडि परेका वा पारिएका असक्त, गरीब, बिकासका अवसरबाट बन्चित, गरीब, महिला, आदिबासी जनजाती, मधेशी, दलित, मुस्लिम, पिछडा बर्ग, अल्पसंख्यक, अपांग, आदिको बेथानचोक गाउँपालिकाको समग्र शासन प्रणालीमा समावेशी सिद्धान्तका आधारमा अर्थपूर्ण सहभागिता गराइ पालिकाको समग्र विकास निर्माण पक्रियामा समेत योगदान गर्न सक्ने गरी सक्षम बनाई सशक्तिकरण गर्दै लगिनेछ ।

## लैङ्गिक समानतातथा सामाजिक समावेशीकरण परीक्षण विधि

सुचक र उपसुचक अनुसार अंकभार दिंदा परियोजनाको चक्र जस्तै : योजना तर्जुमा देखि कार्यान्वयन, अनुगमन तथा मूल्याङ्कन र प्रभाव सम्मको परिकल्पना गरी अपेक्षित उपलव्धीलाई ध्यानमा राखी सरोकारबालाहरूको सहभागितामा अंकभार दिनु उपयुक्त हुन्छ ।

बजेट तर्जूमा प्रक्रियाका सबै चरणहरूमा अन्य पक्षहरूसँगै लैङ्गिकता, समानता तथा सामाजिक समावेशीको विषयबस्तुलाई केन्द्रियतामा राखेर योजनाबद्ध रुपमा, उद्देश्य मूलक ढंगले विश्लेषण सहित लैङ्गिक मूलप्रवाहीकरण र समावेशीका कार्यक्रम तर्जुमा गर्नु पर्दछ । बेथानचोक

गाउँपालिकाले आफ्नो वार्षिक तथा आवधिक योजना लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बनाइ तर्जुमा गर्नुपर्ने हुनेछ ।

संस्थागत लेखाजोखाको लागि प्रयोग गरिने विधिमा बेथानचोक गाउँपालिकाको नीतिमा लैङ्गिक तथा सामाजिक समावेशी विकास, लैङ्गिक तथा सामाजिक समावेशी उत्तरदायी कार्यक्रम, आन्तरिक संरचना र मानव संसाधन, सम्बन्ध विस्तार तथा नेपाल सरकारका प्रतिवद्धताहरू गरी प्रमखु आठ वटा शीर्षकहरू भित्र उपशीर्षकहरू राखिएका छन् । ती उपशीर्षकलाई प्रष्ट वनाउनका लागि प्रत्येक उपशीर्षक मा प्रश्नहरू राखिएका छन् । तिनै प्रश्नहरूको आधारमा यस पालिकाका पदाधिकारीहरू र कर्मचारी हरूसँग छलफल गर्नुपर्ने हुन्छ । छलफलको आधारमा उक्त वुंदामा राम्रो देखिएमा १, मध्यम देखिएमा ०.५ र सुधार गर्नु पर्ने देखिएमा वा नभएमा ० अंकहरू प्रदान गर्नु पर्नेछ ।

अन्तमा विभिन्न शीर्षकहरूमा प्राप्त अंकहरूलाई माकुरी जालोको चित्र (Spider Diagram) बनाई सहभागीहरू माझ उक्त नमुना चित्र राखिनेछ । सो चित्रले देखाएका राम्रा पक्षहरूलाई निरन्तरता दिँदै, कमजोर पक्षहरूलाई सुधार गर्दै आगामी दिनहरूमा बेथानचोक गाउँपालिकालाई एक आदर्श स्थानीय तहको रुपमा स्थापित गर्न आवश्यकताहरूको पहिचान गरी लैङ्गिक तथा सामाजिक समावेशी विकासका लागि एकिकृत कार्य योजनाबनाई अगाडि बढाउन यो लैङ्गिक सामानता र सामाजिक समावेशीकरण परिक्षणले मद्धत पुऱ्याउनेछ ।

## लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षणका प्रक्रियाहरू

बेथानचोक गाउँपालिकाको लैंगिक समानता तथा सामाजिक समावेशीकरण परीक्षण तीन चरणमा विभाजन गरी देहाय अनुसार सम्पन्न गर्न सकिन्छ :

### १. तयारी चरण

(क) लै.स.सा.स. कार्यान्वयन समितिको वैठक बस्ने, लैससास परीक्षणको लागी सहभागीहरू तोक्ने, लैससास मा सहजीकरण गर्ने संस्था छनौट गर्ने, लैससास कार्यशाला गोष्ठी संचालनको लागी मिति, स्थान, समय, अवधि तोक्ने र एउटा कार्यदल बनाउने ।

(ख) कार्यदलले बेथानचोक गाउँपालिकाको दस्तावेजहरू ( जस्तै बार्षिक योजना, आवधिक योजना, बार्षिक प्रतिवेदन, आर्थिक प्रतिवेदन, चौमासिक/बार्षिक समिक्षाको प्रतिवेदन, विकास वुलेटिन, प्रोफाईल, विभिन्न समयमा भएका निर्णयहरू, आदिको लैससासको तर्फबाट विष्लेषण र पुनरावलोकन गर्ने, Inception प्रतिवेदन तयार गर्ने ।

(ग) कायर्शाला गोष्ठीको लागि चाहिने सामाग्रीहरूको व्यवस्था गर्ने ।

### २. कार्यान्वयण चरण

(क) सम्पूर्ण कर्मचारी र सम्वन्धित संस्थाका समितिका पदाधिकारीहरू समेत लैससास परीक्षण वैठकमा समावेश गराउने ।

(ख) लैससास परीक्षण कार्य नितान्त पालिकाको स्व-लेखाजोखा कार्यक्रम भएको हुनाले संस्थामा यस विषयमा सहजीकरण गर्ने सीप भएका व्यक्ति भएको संस्थाको व्यक्तिले सहजीकरण गर्न सक्दछ ।

(घ) लैससास परीक्षण कार्यको सहजीकरण गर्न बेथानचोक गाउँपालिकाले आवश्यक ठानेमा बाह्य स्रोत व्यक्ति पनि लिन सकिन्छ ।

(ङ) पदाधिकारीहरू र कर्मचारीहरूको सहभागिताद्धारा लेखाजोखाको ढाँचा तालिका नं १ अनुसारको प्रश्नावलीहरूमा छलफल गरी अंकदिनु पर्नेछ ।

(च) प्रत्येक प्रश्नावलीमा पाएको अंकको आधारमा सस्थाको वर्तमान अवस्था माकुरेजालोमा चित्रण गर्नुपर्नेछ ।

(छ) प्राप्ताङ्कको आधारमा सबल पक्ष र सुधार गर्नुपर्ने पक्षहरू पहिचान हुनेछ । पुर्णाङ्क अंकप्राप्तलाई सवलपक्ष र त्यसभन्दा कम प्राप्ताङ्कलाई सुधार गर्नुपर्ने पक्षमा राखिनेछ ।

(ज) पहिचान गरिएका सुधार गर्नु पर्ने पक्षहरूलाई समाधान गर्ने हिसाबले कार्य योजनातयार गर्नुपर्नेछ । यस कार्ययोजनालाई स्थानीय सरकार ले नियमितअनुगमन गरी सुधार भएका पक्षहरूलाई माकुरी जालोमा थप्दै उपलब्धिहरूलाई आंकलन गर्नुपर्ने हुन्छ । साथै सुधार गर्नु पर्ने पक्षहरूलाई पुनःकार्य योजनाबनाई निरन्तर कार्यान्वयन गर्नुपर्ने हुन्छ ।

## ३. प्रतिवेदन चरण

लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण कार्यविधिमा उल्लेख भएको लैससास परिक्षणको परिच्छेदमा उल्लेख भएको प्रगति प्रतिवेदनको ढाँचामा प्रतिवेदन तयार गर्नु पर्नेछ । लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण परिक्षण गर्दा सहभागीहरू बीच भएको छलफलबाट आएको निचोडलाई प्रतिवेदनको प्रमुख प्राप्तीको खण्डमा उल्लेख गर्नु पर्नेछ ।

## नोट

(क) लैससास परिक्षण गर्दा बेथानचोक गाउँपालिका ले गत आवमा सम्पन्न गरेको कार्यक्रमको परिक्षण चालु आ.व.को पहिलो चौमासिक भित्रमा सम्पन्न गरी प्रतिवेदन तयार गर्नु पर्दछ

तालिका १ : लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण

**नोट :** ० = शुन्य, ०.५ = ठिक्कै, =राम्रो

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| **१** | **स्थानीयसरकारको नीतिमा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास** | **१२** | |
| **१.१** | **स्थानीय**सरकार**को नीति र योजनामा** लैङ्गिक **समानतातथा सामाजिक समावेशीविकास (आवधिक र वार्षिक योजनामा)** | **४** | |
| क | स्थानीयसरकारको समग/नीतिमामहिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धी स्पष्ट दीर्घकालीन सोंच वा परिकल्पना छ /छैन ? | **०–१** | |

| | | | |
|---|---|---|---|
| ख | स्थानीयसरकारको महिला र पुरुषको समविकास तथा सामाजिक समावेशीकरण सम्बन्धीअलग्गै नीति छ /छैन ? (स्थानीय ऐन, कानुन, कार्यविधि, निर्देशिकामाखास व्यवस्था गरिएको वा नगरिएको) | ०–१ | |
| ग | स्थानीयसरकारको उद्देश्यले महिला र पुरुषबीच समानतातथा सामाजिक समावेशीकरणका कुराहरूलाई समेटेको छ /छैन ? | ०–१ | |
| घ | महिला र पुरुषबीचको असमानता हटाउन तथा सामाजिक समावेशीकरण बढाउनको लागि स्थानियतहको निश्चितरणनीति तथाकार्यनीति छ /छैन ? | ०–१ | |
| ङ | स्थानियतहको ऐन, नियम, तथाकार्यविधिमामहिलातथालक्षितवर्ग, समुदायमाहुने सबै पकारका विभेदजन्यकार्यहरु रोक्नपर्याप्तकानुनीव्यवस्था गरिएको छ /छैन ? | ०–१ | |
| **१.२** | **महिलापुरुष समविकास ( कर्मचारी/पदाधिकारी)** | ४ | |
| क | स्थानीयसरकारका कर्मचारीहरूको पदपूर्ति गर्दा सबै जातजाति, वर्ग,लिङ्ग र समुदायका बिच समावेशीकरण हुने गरी कर्मचारीहरूकोसमावेशी समानुपातिकप्रतनिधित्वहुनसक्ने रणनीति लिइएको छ /छैन ? | ०–१ | |
| ख | स्थानीयसरकारमा लैङ्गिक विकास हेर्ने इकाईको व्यवस्था छ/छैन ( लैङ्गिक विकास डेस्क वा लैङ्गिक समानतातथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिवा यस्तै कुनै संरचनाको व्यवस्था गरिए । नगरिएको) | ०–१ | |
| ग | स्थानीयसरकारको निर्णायकतहमा (कर्मचारी/पदाधिकारी) महिलाहरूको समानरुपमा ( ५०/५०प्रतिशत) प्रतिनिधित्व रहेको छ/छैन ? | ०–१ | |

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| घ | महिलातथापुरुषकर्मचारीहरूको संख्यामा समानताछ /छैन ? | ०–१ | |
| **१.३** | **लैङ्गिक तथा समावेशी संवेदनशीलकार्य प्रणाली** | ४ | |
| क | महिलाकर्मचारीहरूको गर्भावस्था, नियमित स्वास्थ्य परीक्षणसम्बन्धी संवेदनशीलतालाई ध्यानदिने गरिएको छ /छैन? (गर्भवतीमहिलालाई जोखिमयुक्त, खतरायुक्तकाममालगाउननपाइने ।) | ०–१ | |
| ख | महिला र पुरुषकालागिअलग्गै शौचालयको व्यवस्था छ /छैन | ०–१ | |

| | | | |
|---|---|---|---|
| ग | बच्चालाई स्तनपानकानिमित्तअलग्गै कक्षको व्यवस्था, बच्चा हेरचाहकक्ष र सो को व्यवस्थापन गरिएको छ /छैन ? | ०–१ | |
| घ | कार्यालयमाहुन सक्ने महिला हिंसा नियन्त्रणको लागिआचार संहिताबनाएर लागु गरिएको छ /छैन ? | ०–१ | |
| ङ | महिलाउपर हिंसा भएमातत्काल सुनुवाइको व्यवस्था छ /छैन ? | ०–१ | |
| च | स्थानीयतहकाभवन, भौतिकपुर्वाधार तथा संरचनाहरु तयार गर्दामहिला,अपाङ्गताभएकाव्यक्तितथाबालमैत्रीयुक्त दृष्टिकोणबाट समेत उपयुक्तहुने गरी तयार गरिएको छ /छैन ? | ०–१ | |
| **२.** | **स्थानीय सरकारको क्षमताविकास योजनामाउत्तरदायीतथा सामाजिक समावेशीकार्यक्रमको मूलप्रवाहीकरण** | **१२** | |
| **२.१** | लैङ्गिक **तथा समावेशीविकासको लागिक्षमताविकास बजेट** | **४** | |
| क | स्थानीयसरकारका पदाधिकारी/कमर्चारीहरूले लैङ्गिक तथा समावेशीविकास सम्बन्धीतालिमलिएका छन् वा छैनन् ? | ०–१ | |
| ख | आवधिक योजनातथावार्षिक कार्यकममा लैङ्गिक तथा समावेशीविकासको लागितालिमवाअभिमुखीकरण कार्यकमकोव्यवस्था गरिएको छ /छैन ? | ०–१ | |
| ग | लैङ्गिक तथा समावेशीविकासको लागितालिम/अनुशिक्षण/ गोष्ठी संचालन गर्न गतवर्ष बजेट तथाकार्यकमको व्यवस्था गरिएको थियो वाथिएन? | ०–१ | |
| घ | तालिमकार्यकममामहिला र पुरुषको समान सहभागिताको उपस्थितिसुनिश्चिततागरिएकोथियो वाथिएन । (स्थानीयतहकापदाधिकारी तथाकर्मचारीहरुको कुल संख्याकाआधारमा महिलातथा पुरुषको सहभागी संख्याको अनुपातविश्लेषण गर्ने ?) | ०–१ | |
| ङ | तालिमकाविषय वस्तुको प्रस्तुतीकरणमा लैङ्गिक सम्बेदनशीलभाषाको प्रयोग र महिलाकाआवश्यकता समेटिएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने गरिएको छ /छैन ? (के के विषयवस्तु समेटिएको , भाषाको लेखन र पयोगको स्तर,आवश्यकतामाआधारित भएनभएको र तालिमको गुणस्तर, सेवा सुविधा सम्बन्धमा पृष्ठपोषण लिने सुचक) | ०–१ | |

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| २.२ | **क्षमताविकास कार्यक्रममामहिलापुरुष सहभागिता** | ४ | |

| | | | |
|---|---|---|---|
| क | उपभोक्ता समितिमा ३३प्रतिशतमहिलाहरूको सहभागिता छ /छैन ? | ०–१ | |
| | स्थानीय सरकारका उपभोक्ता समितिहरुमालक्षित समुहकापदाधिकारीहरूको सहभागिताछ /छैन ? | | |
| ख | उपभोक्ता समितिकामहिलातथालक्षित समुहकापदाधिकारीहरूलाई तालिमको व्यवस्थाछ /छैन ? | ०–१ | |
| ग | क्षमता विकास कार्यक्रम र बजेटको बाँडफाँड तथा प्राथमिकीकरण र स्थान छनौट लागि छलफल गर्ने पकृयामा महिला र पुरुष लगायत लक्षित समुहलाई समान रुपमा सहभागी गराईन्छ ? (वडा स्तरसम्म) (निर्णय पुस्तिका मा उपस्थितिको संख्याका आधारमा) | ०–१ | |
| घ | महिला तथा लक्षित समुहका पदाधिकारीहरूको क्षमता अभिवृद्धिका लागि निर्दिष्ट कार्यक्रमहरू (प्राबिधिक तालिमहरू, क्षमता विकास तालिम, भ्रमण) छन /छैनन ?सो अनुसारको वजेट विनियोजन गरिएको छ /छैन ? (संख्या तथा पटक) | ०–१ | |
| **२.३** | **गाउँपालिकाको क्षमता विकास कार्ययाजेना** | ४ | |
| क | गाउँपालिकाले क्षमता विकास कार्ययोजना तयार गरेको छ /छैन ? | ०–१ | |
| ख | गाउँपालिकाको क्षमता विकास योजनामा लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समितिको पदाधिकारी, महिला समन्वय समिति एवं लैङ्गिक तथा समावेशी सम्पर्क व्यक्तिहरूको क्षमता विकासको व्यवस्था गरेको छ /छैन ? (कार्यकम संख्या पटक) | ०–१ | |
| ग | गाउँपालिकाका क्षमता विकास योजनामा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट निर्माण एवं परिक्षण नियमित रुपमा गर्न बजेटको व्यवस्था गरिएको छ /छैन ? | ०–१ | |
| घ | परिक्षण पश्चात लैङ्गिक तथा समावेशी विषयमा सुधार गर्न क्षमताविकास कार्ययोजनाका लागि पर्याप्त बजेटका व्यवस्था गरिएको छ ? | ०–१ | |

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्ग |
|---|---|---|---|
| **३.** | **लक्षितकार्यक्रम** | १२ | |
| **३.१** | **कार्यक्रमतर्जुमा गर्दा लक्षित समूहको सहभागिता :** | ४ | |

| | | | |
|---|---|---|---|
| क | के गाउँपालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ?<br>(महिला, पुरुष, बालबालिका, सबै जातजातिका विपन्न वर्गहरू, ज्येष्ठ नागरिक, दलित, आदिवासी जनजाति, अपाङ्गता भएका व्यक्तिहरू, मधेसी, मुश्लिम तथा पिछडा वर्ग लगायत नेपाल सरकारले लक्षित समूह भनी तोकेका अन्य वर्ग एवम् समुदायकामहिला र पुरुष)<br>(आधारभुत सुचना प्रतिवेदन) | ०–१ | |
| ख | के कार्यक्रम तर्जुमा गर्नु भन्दा अघि समुदायका महिला, बालबालिका, अपाङ्ग, जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग र दलित लगायतका सबै जातजाति र विपन्नवर्गका समूहहरूसँग बसेर समस्या केलाउने ( विश्लेषण गर्ने गरिन्छ ? के विपन्नता स्तरीकरण भएको छ ? (दुवै भए (१ ) र एक मात्र भएमा (०.५) चिन्हदिने । ) | ०–१ | |
| ग | के गाउँपालिकाको योजना लक्षित समूहहरूले तयार गरेको कार्यक्रममा आधारित हुन्छ ?<br>(योजना तर्जुमा गर्दा गाउँ, वस्तीस्तरबाट आएका योजना कार्यकमहरुलाई समेटे नसमेटेको परीक्षण) | ०–१ | |
| घ | के गाउँपालिकाको योजनामा लक्षित समूहहरूको लागि छुट्टयाएको न्यूनतम बजेट ( कम्तीमा ३ प्रतिशत महिला, बालबालिका, सामाजिक बञ्चिति करणमा परेको वर्ग) विनियोजन गरी उनीहरूको हितको लागि कार्यक्रम तर्जुमा गरी समयैमा बजेट खर्च गरिएको छ ?<br>(बजेट तथा कार्यकमबीच भिडान) | ०–१ | |
| **३.२** | **महिला उत्थानका लागि कार्यक्रमहरू** | ४ | |
| क | के महिलाहरूको स्वास्थ सुधार सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भएका छन् ? (जस्तो : सुत्केरी हुँदाको स्वास्थ्य अवस्था सुधार गर्न, किशोरीहरूको लागि प्रजनन र यौन शिक्षा आदानप्रदान गर्न, एचआईभी एड्स, स्तन क्यान्सर, पाठेघरको क्यान्सर र आङ्ग खस्ने अवस्था सुधार गर्न, स्वास्थ शिविरहरू राख्ने) (कार्यकम संख्या र पटक तथा सहभागी संख्या) | ०–१ | |
| ख | के महिलाहरूको लागि शिक्षा सम्बन्धी विशेष कार्यक्रमहरू संचालित भएका छन ? (जस्तो : अभिभावक शिक्षा, प्रौढ तथा किशोरी कक्षाहरू, साथी शिक्षा, कार्यमूलक प्रौढ शिक्षा, बच्चा देखि बच्चाकक्षा, आदि )<br>(कार्यकम संख्या र पटक तथा सहभागी संख्या) | ०–१ | |

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| ग | के महिलाहरूको लागिकानूनीशिक्षा सम्बन्धीकार्यक्रमहरू संचालितभएका छन ? (जस्तोः कानूनी हकअधिकार, एकल महिला, मानव बेचविखन विरुद्ध कार्यक्रम, बालविवाह, महिलाहिंसा विरुद्ध कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) (कार्यकम संख्या र पटक तथा सहभागी संख्या) | ०–१ | |
| घ | महिलाहरूको लागि संचालित कानूनी शिक्षा सम्बन्धी कायर्क्रमहरू संचालनबाट के उनीहरु लाभान्वित भएका छन् ? (जस्तो : कानूनी हकअधिकार, एकल महिला, मानव बेचविखन विरुद्ध कार्यक्रम, महिला हिंसा विरुद्ध, बाल विवाह विरुद्ध सचेतना कार्यक्रम आदि वारे अनुशिक्षण गर्न) (कार्यकम संख्या र पटक तथा सहभागी संख्या) | ०–१ | |
| **३.३** | ***स्थानीय सरकार सञ्चालन ऐन, २०७४* मा भएका प्रावधान अनुसारका कार्यक्रमहरू** | ४ | |
| क | गाउँपालिकाको योजना तर्जुमा गर्दा लक्षित समुहहरूको सक्रिय सहभागितामा तय गर्ने गरको छ ? के योजना तर्जुमा गर्दा गाउँ वस्तीस्तर देखि कार्यपालिका सम्म लक्षित समुहहरुको सहभागितामा हुने गरेको छ ? (निर्णय पुस्तिकाहरुबाट सबैलाई समेटे नसमेटेको परीक्षण) | ०–१ | |
| ख | गाउँपालिकाको योजना तर्जुमा गर्दा महिलालाई प्रत्यक्ष लाभहुने र महिलाको लागि स्वरोजगारमूलक, आयमूलक र सीपमूलक कार्यक्रमहरू राख्ने गरिएको छ ? (कार्यकमको विषयवस्तु, बजेट तथा संख्या ) | ०–१ | |
| ग | के परिवार नियोजन, मातृ शिशु कल्याण, विस्तारित खोप, पोषण, जनसंख्या शिक्षा र जनस्वास्थ सम्बन्धी कार्यक्रमहरूको तर्जुमा र कार्यान्वयन गर्ने गराउने गरिएको छ ? (कार्यकमको विषयवस्तु, बजेट तथा संख्या ) | ०–१ | |
| घ | के गाउँपालिकाको योजना कार्यान्वयनबाट लक्षित समुहहरू लाभान्वित भएका छन ? यी समुहहरुको सहभागिताको अवस्था कस्तो छ ? (लक्षित समुदाय बसोबास गरेको गाउँ तथा वस्तीमा कार्यकम संचालित छन वा छैनन) | ०–१ | |
| **४** | **लैङ्गिक समानता तथा सामाजिक समावेशीविकास योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन** | **१२** | |
| **४.१** | **योजनातर्जुमामा लैङ्गिक तथा सामाजिक समावेशीविकास** | ४ | |
| क | के गाउँपालिकाले आफ्नो क्षेत्रका समुदायस्तरका आधारभूत सूचना/तथ्याँक संकलन गर्ने गरेको छ ? के गाउँपालिकाले खण्डीकृत तथ्यांङ्कको समय समयमा अध्यावधिक गर्ने गरेको छ ?(तयारी पतिवेदन) | ०–१ | |

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्ग |
|---|---|---|---|
| ख | के योजनातर्जुमा गर्दा महिला र पुरुषएवं लक्षित समुहहरू को छुट्टा छुट्टै अवस्थाविश्लेषण र अवश्यकतापहिचान गर्ने गरिएको छ ? र सो अनुसारको कार्यक्रम तय गर्ने गरिएको छ ?<br>(तयारी पतिवेदन) | ०–१ | |
| ग | के गाउँपालिकाले योजना तजुमा गर्दा लैङ्गिक उत्तरदायी तथा सामाजिक समावेशी बजेट तर्जुमा प्रक्रिया अबलम्बन गरी कार्ययोजना तयार पार्ने गरेको छ ? | ०–१ | |
| घ | के गतवर्षको वाषिर्क योजनाअनुसार लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास कार्य योजनाका सवै कृयाकलाप सम्पन्न भए ? | ०–१ | |
| **४.२** | **योजना कार्यान्वयनमा लैङ्गिक तथा सामाजिक समावेशी विकास** | **४** | |
| क | के कार्यक्रम तथा परियोजना कार्यान्वयन गर्दा सम्वन्धित लक्षित समुदायका महिला तथा पुरुष वर्गहरूको सक्रिय सहभागितमा गर्ने गरिएको छ ? | ०–१ | |
| ख | के कार्यक्रम तथा परियोजना कार्यान्वयनबाट सम्वन्धित समुदायले पूरा लाभलिन सकेको छ ? | ०–१ | |
| ग | के उपभोक्ता समितिले गर्ने कार्यहरूमा महिला तथा लक्षित समुहको सहभागिता छ ? के उपभोक्ता समितिमा अध्यक्ष, सचिव र कोषाध्यक्ष मध्ये कम्तीमा एक जना महिला पदाधिकारी रहेको छ ?लाभान्वित समूहमा दलित, आदिवासी/जनजाति, पिछडिएका समुदाय तथा वर्ग, अपाङ्ग, मधशी, मुस्लिम, आदिको उपस्थिति रहेको अवस्थामा तिनीहरूको समेत प्रतिनिधित्व रहेको छ ? | ०–१ | |
| घ | के गाउँपालिकाले आफ्नो सम्पूर्ण कार्यक्रममा लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण गरी कार्यक्रम कार्यान्वयन गर्ने गरेको छ ? | ०–१ | |
| **४.३** | **अनुगमन र मूल्याङ्कन** | **४** | |
| क | के गाउँपालिकको सुपरिवेक्षण तथा अनुगमन समितिमा महिलाको सहभागिता कम्तीमा ३३ प्रतिशत रहेको छ ? | ०–१ | |

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| ख | के गाउँपालिकाले संचालन गरेका कार्यकमको अनुगमन, मूल्याङ्कन गर्दा लैङ्गिक समानता तथा सामाजिक समावेशी विकास काकार्यक्रमको संचालनबाट महिला र पुरुष तथा विभिन्न जातजातिलाई पुगेको लाभ, असर र प्रभाव विश्लेषण गर्ने गरिन्छ ? | ०–१ | |
| ग | के गाउँपालिकामा लैङ्गिक समानतातथा सामाजिक समावेशी विकासका असर अनुगमनको लागि प्रभावकारी नीति तथा पद्धति छ ? | ०–१ | |
| घ | के अनुगमन तथा मूल्याङ्कनबाट सिकेका पाठहरू कार्यक्रम वा योजना तयार गर्दा समावेश गर्ने गरिन्छ ? | ०–१ | |
| **५** | **आन्तरिक संरचना** | **१२** | |
| **५.१** | **गाउँपालिकामा महिला तथा लक्षित समुहको सहभागिता** | **४** | |
| क | के आदिवासी जनजाति विकासको लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | |
| ख | के दलितवर्ग उत्थानका लागि गठन भएको समितिमा निर्देशिका वमोजिम महिला सहभागिता छ ? | ०–१ | |
| ग | के आदिवासी जनजाति र  दलित वर्ग उत्थान र विकासको लागि गठन भएको समितिको पदाधिकारीहरू, लक्षित समुहहरूको कार्यक्रम तर्जुमा, कार्यान्वयन र अनुगमन कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | |
| घ | के पालिकामा महिला समन्वय समिति गठन भई पालिकामा महिलाहरूको विकासको लागि तय गरेको कार्यक्रम र बजेटको उपयोगिताको बारेमा अनुगमन गर्ने कार्यमा सक्रिय भूमिका रहेको छ ? | ०–१ | |
| | के समावेशीकरणका लागि कार्य गर्ने आयोग, मन्त्रालय, समिति, प्रतिष्ठान, विभिन्न निकायहरु, कार्यालयहरु तथा गैससहरु बीच पालिकामा समावेशी सम्बन्धी कार्यकमहरु संचालन गर्दा समन्वयात्मक तवरले हुने गरेको छ ? | ०–१ | |
| **५.२** | **वित्ततथा लेखाव्यवस्थापन** | **४** | |
| क | के महिला विकासको लागि छुट्टै कोष स्थापना गरिएको छ ? | ०–१ | |

| | | | |
|---|---|---|---|
| ख | के आदिवासी जनजाति, दलित अन्य लक्षित समुहका महिलाहरूको विकासको लागि वजेटको व्यवस्था भएको छ ? उनीहरूको आवश्यकता अनुसार कार्यक्रम तर्जुमा गरिएको छ ? | ०–१ | |

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| ग | के पालिकामा लैङ्गिक डेस्कको विकासको लागि वजेटको व्यवस्था भएको छ ? सो अनुसार कार्यक्रम पहिचान गरिएको छ ? | ०–१ | |
| घ | के कम्प्युटरकृत लेखा प्रणाली व्यवस्थापन गरिएको छ ? | ०–१ | |
| **५.३** | **गाउँपालिकामा गठित समिति** | ४ | |
| क | के लैङ्गिक समानता तथा सामाजिक समावेशीकरण कार्यान्वयन समिति गठन गरी सक्रिय रुपमा संचालनमा छ ? | ०–१ | |
| ख | योजना तर्जुमा समितिमा महिला, बालबालिका तथा अन्य सबै लक्षित समुदायको सक्रिय सहभागिता छ ? | ०–१ | |
| ग | के महिला समन्वय समिति, आदिवासी जनजाति समन्वय समिति, दलित वर्ग उत्थान समन्वय समिति, बालल्कब, पिछडा वर्ग समन्वय समितिको गठन गरी पालिकाको योजना प्रक्रियामा यस्ता समितिको सक्रिय सहभागिता सुनिश्चित गरिएको छ ? | ०–१ | |
| घ | गाउँपालिकाको कार्यक्रम कार्यान्वयन तथा अनुगमन प्रक्रियामा यी समितिहरू बाट सहभागिता हुनसक्ने गरी सुनिश्चित गरिएको छ ? | ०–१ | |
| **६** | **सुशासन** | १२ | |
| **६.१** | **पारदर्शिता/ जफावदेहिता** | ४ | |
| क | के गाउँपालिकाले नियमित रुपमा कार्यक्रमको सार्वजनिक सुनुवाई गर्ने गर्दछ ? | ०–१ | |
| | के गाउँपालिकाले गर्ने सार्वजनिक सुनुवाईमा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायको उपस्थिति रहने गर्दछ ? | ०–१ | |
| | के गाउँपालिकाले गर्ने सार्वजनिक सुनुवाई कार्यकममा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फबाट पालिकाले लिएको नीति तथा कार्यकम र सो को कार्यान्वयनका विषयमा आवाज उठने गर्दछ ? | ०–१ | |
| | के गाउँपालिकाले गर्ने सार्वजनिक सुनुवाईमा बन्चितिकरणमा परेका व्यक्ति तथा समुदायको तर्फबाट उठाइएका प्रश्न उपर गालिकाले सम्बोधन गर्ने गर्दछ ? | ०–१ | |

| | | | |
|---|---|---|---|
| | के पालिकाले नियमित रुपमा समग्र वार्षिक योजना तथा कार्यक्रमको सार्वजनिक गर्ने गरेको छ ? | ०–१ | |
| ख | के महिला, बालबालिका र आदिवासी जनजाति, मधेशी, मुश्लिम, पिछडावर्ग, दलित, अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिकलाई लक्षित गरेर राखेको कार्यक्रम तथा बजेट सार्वजनिक हुने गरेको छ ? | ०–१ | |

| क.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| ग | के गाउँपालिकाको समिक्षा बैठकमा महिला, बालबालिका, सबै जातजातिका विपन्न बर्ग (आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएका व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई लक्षित गरेर कार्यक्रम माथि छलफल गर्ने गरेका छ ? | ०–१ | |
| घ | के गाउँपालिकाले महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग, आदिवासी जनजाति, दलित, मधेशी, मुश्लिम, पिछडावर्ग, अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायतलाई सेवा सुविधाहरू छिटो छरितो ढंगबाट दिने गरेको छ ? | ०–१ | |
| **६.२** | **सूचना व्यवस्थापन** | ४ | |
| क | के गाउँपालिकाले सूचना तथा अभिलेख केन्द्रमा रहेको खण्डीकृत तथ्यांक र सूचनालाई आधार मानि विकास योजना तर्जुमा गर्ने गरेको छ ? | ०–१ | |
| ख | के पालिकाको सूचना तथा अभिलेख केन्द्रको विकासको लागि बजेटको व्यवस्था गरेको छ ? | ०–१ | |
| ग | के पालिकाले आआफ्ना क्षेत्रका पन्जीकरणको तथ्याँक अध्यावधिक गर्ने गरेका छन् ? | ०–१ | |
| घ | के पालिकामा खण्डीकृत तथ्याँकलाई कम्प्यूटरकृत गरिएको छ ? | ०–१ | |
| **६.३** | **सूचना शिक्षा र संचार** | ४ | |
| क | के पालिकाले स्थानीय रेडियो, एफ.एम. र छापा माध्यमद्वारा समावेशीकरण तथा लैंगिक समानता सम्बन्धी सूचना प्रवाह गरी जनतालाई सुसुचित गर्ने गरेको छ ? | ०–१ | |

| | | | |
|---|---|---|---|
| ख | के स्थानीय स्तरमा महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग ( आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग) अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा तथा संचार सम्बन्धी कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा वृद्धि भएको छ ? (आधार तथ्याँकसँग समेत तुलना गर्न सकिने) | ०–१ | |

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्ख |
|---|---|---|---|
| ग | के पालिकामा  महिला, बालबालिका सबै जातजातिका विपन्न बर्ग ( आदिवासी जनजाति, दलित मधेशी, मुश्लिम, पिछडावर्ग)अपाङ्गता भएको व्यक्तिहरू, जेष्ठनागरिक लगायत अन्य लक्षित समुहहरूको सूचना, शिक्षा र संचारको कार्यक्रमको प्रवाहबाट यी वर्गहरूको जनचेतनामा अभिवृद्धि भई यी वर्गहरूको पालिकाको विकास कार्यहरूमा सक्रिय सहभागिता वृद्धि भएको छ ? (आधार तथ्याँकसँग समेत तुलना गरी अध्ययन गन सकिने) | ०–१ | |
| घ | के पालिकाले स्थानीय पत्रकारहरू द्धारा स्थानीय स्तरमा सूचना प्रवाह गर्ने गर्दछ ? (कार्यकम संख्या र उपस्थिति) | ०–१ | |
| ७ | **मानव संसाधन, सम्बन्ध विस्तार** | १२ | |
| **७.१** | **मानव संसाधन व्यवस्थापन** | ४ | |
| क | के पालिकामा लैङ्गिक समानता तथा सामाजिक समावेशी सम्वन्धी तालिम दिन तथा कार्यक्रमलाई कार्यान्वयन गर्न सक्ने यथेष्ट मानवीय श्रोत छन् ? (विषयगत तालिम प्राप्त जनशक्ति संख्या) | ०–१ | |
| ख | के पालिकामा मानव संसाधन विकास केन्द्र र इकाइको व्यवस्था छ? | ०–१ | |
| ग | के पालिकाले स्वरोजगार तथा बैदेशिक रोजगारीमा जाने महिलाहरूको क्षमता विकासको लागि कार्यक्रमहरू तय गरी कार्यान्वयन गर्ने गरेका छन ? (कार्यकम संख्या र उपस्थिति) | ०–१ | |
| घ | के पालिकाले श्रोत व्यक्ति (महिला, पुरुष) हरूको सुचीकृत अभिलेख राखेको छ ? | ०–१ | |
| **७.२** | **संबन्ध विस्तार** | ४ | |
| क | के लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरू बीच कार्यगत संयन्त्र (संजाल) बनेको छ ? | ०–१ | |

| | | | |
|---|---|---|---|
| ख | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरू बीच कार्यगत छलफल गरी यस क्षेत्रको विकासको लागि नियमित रुपमा कार्य हुने गरेको छ ? निर्णय पुस्तिकातथा बैंठकका निर्णय | ०–१ | |
| ग | लैङ्गिक समानता तथा समावेशी विकासको लागि विभिन्न कार्यालयहरू बीच कार्यगत संयन्त्र (संजाल) का प्रतिनिधिहरूलाई लैङ्गिक तथा समावेशी विकास सम्वन्धी क्षमता विकास तालिमहरू प्रदान गर्ने गरेको छ ?<br>कार्यकम संख्या र उपस्थिति | ०–१ | |

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्ग |
|---|---|---|---|
| घ | पालिकाका कर्मचारीहरूले आन्तरिक र वाह्य श्रोत व्यक्तिहरूसँग मिलेर लैङ्गिक तथा सामाजिक प्रभाव संम्बन्धी अध्ययन गर्ने गरेका छन् ? कार्यकम संख्या र उपस्थिति | ०–१ | |
| **७.३** | **व्यावहारिक र रणनीतिक आवश्यकता परिपूर्ति** | | |
| क | योजना तर्जुमा गर्दा महिलाहरूको व्यावहारिक र रणनीतिक आवश्यकता पहिचान र परिपूर्ति गर्ने विषयमा छलफल भएको छ ??कार्यकम तर्जुमाका विभिन्न तहमा भएका निर्णय पुस्तिका तथा बैंठकका निर्णयह | ०–१ | |
| ख | ग्रामीण महिला प्राविधिकहरू (पशु सेवा, कृषि, स्वास्थ्य र पूर्वाधार सम्बन्धी प्राविधिक) तयार गर्ने गरेको छ ?मनोनयन, नियुक्तिवा गठन र तालिम सम्बन्धी सूचकाँक | ०–१ | |
| ग | लैङ्गिक मूलप्रवाहीकरण तथा सामाजिक समावेशीकरण लागि पालिकाका अल्पकालीन (वार्षिक) र दीर्घकालीन (वहुवार्षिक) योजना तयार गरिएको छ ? | ०–१ | |
| घ | महिलाहरूको लागि लोक सेवा आयोग पूर्व तयारी कक्षाका लागि तालिमको व्यवस्था गरेको छ ? संचालित तालिम कार्यकम संख्या र उपस्थिति | ०–१ | |
| **८** | **नेपाल सरकारका लैङ्गिक समानतातथा सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धता** | **१२** | |
| **८.१** | **नेपाल सरकारका लैङ्गिक विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | ४ | |
| क | दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरेको छ ? | ०–१ | |
| ख | दिगो विकासका लक्ष्यहरू प्राप्त गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रमहरू समयमै सम्पन्न गरेको छ ? | | |

| | | | |
|---|---|---|---|
| ग | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका बारेमा पालिकाका पदाधिकारीहरू वाकर्मचारीहरूलाई जानकारी छ ? सोको लागि अभिमुखीकरण गरिएको छ ? कार्यकम संख्या र उपस्थिति | ०–१ | |
| घ | महिला विकासका लागि भएका बेइजिङ्ग घोषणा पत्रका वाह्रवटा प्रतिवद्धताहरूका क्षेत्रमा कार्यक्रम तय गरी कार्यान्वयन गर्ने गरेको छ ? कार्यकम संख्या र उपस्थिति | ०–१ | |

| क्र.स. | सूचक र उप-सुचकहरू | अंक | प्राप्ताङ्क |
|---|---|---|---|
| **८.२** | **महिला विरुद्धहुने सवै खाले हिंसा निर्मूल पार्ने** | ४ | |
| क | महिलाविरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू र सो अनुसारको बजेट विनियोजन गरी कार्यक्रम समयैमा सम्पन्न गरेको छ ?कार्यकम संख्या र उपस्थिति | ०–१ | |
| ख | लैङ्गिक हिसां गाउँपालिका घोषणा गरेको छ ?घोषणा गरेको मिति | ०–१ | |
| ग | महिलाविरुद्ध सवै खाले हिंसा निर्मूल गर्ने कार्यक्रमहरू पालिकाले संचालन गर्ने गरेको छ ? हरेक वर्ष अति उत्कृष्ट कार्य गर्ने महिलाहरूलाई सम्मान गर्ने कार्यक्रम बनाउने गरिएको छ ?कार्यकम संख्या र उपस्थितितथा निर्णय पुस्तिका | ०–१ | |
| घ | महिला हिंसा विरुद्ध सून्य सहिष्णुता अपनाएको छ ? घटेका घटना संख्या र लिइएका निर्णय | ०–१ | |
| **८.३** | **नेपाल सरकारका सामाजिक समावेशी विकासका नीति र प्रतिवद्धताहरूको कार्यान्वयन** | ४ | |
| क | संयुक्त राष्ट्रसङ्घीय बालअधिकार महासन्धी, १९८९ मा गरिएको प्रतिबद्धता कार्यान्वयन गर्न कार्यक्रमहरूमा रकम विनियोजन गरी कार्यक्रमहरू समयैमा सम्पन्न गरेको छ ? वर्षिक कार्यकम संख्या, कार्यकम संचालनभएको संख्या र उपस्थिति | ०–१ | |
| ख | के पालिकाबाट समाजमा रहेको विभिन्न जातीगत छुवाछुत सम्वन्धी सामाजिक कुरीती  हटाउन कार्यक्रमहरू संचालन गर्ने गरको छ ? कार्यकम संख्या र उपस्थिति | ०–१ | |
| ग | के पालिकाबाट आदिबासी जनजातीहरूको विकासको लागि कार्यक्रमहरू यी वर्गहरूको सहभागितामा संचालन गर्ने गरको छ ?कार्यकम संख्या र  सहभागी उपस्थिति तथा निर्णय पुस्तिका | ०–१ | |


| | | | |
|---|---|---|---|
| घ | महिलाविरुद्ध हुने सबै प्रकारका भेदभाव उन्मूलन गर्ने महासन्धि कार्यान्वयनका लागि तयार गरिएको राष्ट्रिय कार्ययोजना र संयुक्त राष्ट्रसङ्घीय सुरक्षा परिषद्बाट पारित प्रस्ताव नम्बर १३२५ र १८२० को कार्यान्वयन राष्ट्रिय कार्ययोजनामा पालिकाको जिम्मेवारी भनि उल्लेख गरिएका कार्यक्रमहरू मा रकम विनियोजन गरेको छ ? स्वीकृत वार्षिक कार्यकम र बजेट व्यवस्था | ०–१ | |
| | महिला तथा बन्चितिमा परेका व्यक्ति तथा समुदायको समावेशीकरणका लागि निजी क्षेत्र लगायत अन्य निकाय वा सघ संस्थासग साझेदारी र सहकार्य गर्ने गरेको छ वा छैन | ०–१ | |
| | महिला तथा बन्चितिमा परेका व्यक्ति तथा समुदायको समावेशीकरणका लागि रोजगारीको विशेष व्यवस्था गर्ने गरेको छ वा छैनं | ०–१ | |

**द्रष्टब्यः** सहभागीहरूले लैससास परीक्षण गर्दा महिला तथा पुरुषमा पनि कुन वर्गको र जातको महिला तथा पुरुष हो भन्ने कुरालाई पनि विश्लेषण गर्नु जरुरी हुन्छ जस्ले गर्दा समावेशी मूद्दा लाई पनि समेट्न सकिन्छ ।

**अंकप्राप्त**

| क्र.स. | सूचक र उप सुचकहरू | प्राप्ताङ्क | कूलअंक |
|---|---|---|---|
| १ | १.१, १.२, १.३ | | |
| २ | २.१, २.२, २.३ | | |
| ३ | ३.१, ३.२, ३.३ | | |
| ४ | ४.१, ४.२, ४.३ | | |
| ५ | ५.१, ५.२, ५.३ | | |
| ६ | ६.१, ६.२, ६.३ | | |
| ७ | ७.१, ७.२, ७.३ | | |
| ८ | ८.१,८.२, ८.३ | | |
| | **जम्मा** | | |

**माकुरी जालोको चित्र**



नीतिमा लैससास
१२
१०
८
६
४
२
०
लैससास मूलप्रवाहीकरण
लक्षित कार्यक्रम
योजना तर्जुमा, कार्यान्वयन, अनुगमन र मूल्यांकन
आन्तरिक संरचना
सुशासन
मानव संसाधन, सम्बन्ध विस्तार
नीति र प्रतिवद्धता
Series1
Series2